नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## चाडपर्व लक्षित निरीक्षण अनुगमन सम्बन्धि प्रेस विज्ञप्ति

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा विभाग मातहतका खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र खाद्य प्रविधि तथा गुण डिभिजन कार्यालयहरुबाट जिल्ला प्रशासन कार्यालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा स्थानीय निकायका प्रतिनिधिहरु सहितको उपस्थितिमा चाडपर्व लक्षित विशेष निरीक्षण अनुगमन कार्य देशैभरी संचालन भएको छ । विभागले देशैभरि खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण हुने स्थलहरुमा निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही गरेको व्यहोरा सबैमा जानकारीका लागि यो प्रेस नोट जारी गरिएको छ।

मिति २०८२/०६/०४ देखि २०८२/०६/०९ सम्ममा अनुगमन निरीक्षण गर्ने क्रममा ३५१ वटा किराना पसल लगायतका खाद्य बजार, ७३ वटा खाद्य उद्योग, २१७ वटा राजमार्ग केन्द्रित होटल रेस्टुरेन्ट निरीक्षण अनुगमन गरिएको छ । निरीक्षण अनुगमनका क्रममा सङ्कलित नमूनाहरु थप अनुसन्धानका लागि प्रयोगशालामा विश्लेषणका लागि पठाईएको छ। स्थलगत अनुगमन निरीक्षण र परिक्षणमा कैफियत देखिएका व्यवसायीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडी बढाइएको छ। निरीक्षण अनुगमनका क्रममा स्पष्ट लेवल विवरण नभएका, म्याद गुज्रिएका, स्थलगत परिक्षणमा कैफियत देखिएका र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ऐन विपरित रहेका रू.१,३८,२९१ (अक्षरेपी एक लाख अड्तीस हजार दुई सय एकान्नब्बे रुपैयाँ बराबरको) बराबरको विभिन्न किसिमका खाद्य पदार्थ जफत नष्ट गरिएको छ र यसै क्रममा प्रयोग गर्न नमिल्ने ४७ थान प्रशोधित पिउने पानीको जार नष्ट गरिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा २०,२१, २२, २३, २४ र २५ बमोजिम दायित्व पूरा गर्न गराउनु हुन तथा अनुमती पत्र लिएर मात्र खाद्य व्यवसाय संचालन गर्न गराउन हुन सम्पूर्ण उद्योगी व्यवसायीलाई सूचित गराइन्छ। अन्यथा ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

ज्योत्सना श्रेष्ठ

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८२/०६/१०